कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

6M2Q+5V7 Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८२/०८३

च.नं.:

(कोहलपुर नगरपालिका नगर सभाको सचिवालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल)

**अतिक्रमित सार्वजनिक सरकारी जग्गा खाली गर्ने सम्बन्धी अत्यन्त जरूरी सुचना ॥**

**प्रथम पटक प्रकाशित मिति २०८३/०१/१६**

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३४९ मिति २०८२/१२/२४ गतेको प्राप्त पत्र अनुसार यस कोहलपुर नगरपालिका वडा नं.१ देखि १५वडा क्षेत्रभित्र रहेको नीजि तथा सार्वजनिक जग्गाहरू (कोहलपुर वडा नं. ११ नगर विकास समितीको मातहतमा रहेको क्रिकेट मैदान आसपासका अतिक्रमित जमिन समेत) विभिन्न व्यक्तिहरूले अनाधिकृत रूपमा अवैध कब्जा गरी घर टहारा कम्पाउडवाल वा अन्य संरचना निर्माण गरेको पाइएको छ ।

सार्वजनिक सम्पतिको संरक्षण गर्ने सरकारको नीति तथा नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८२ चैत १३ गते बैठक बाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय बुँदे कार्य सुचीको बुदाँ नं. ९२मा सार्वजनिक जग्गा संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्न डिजिटल अभिलेख तयार गर्ने निगरानी प्रणाली सुदृढ गर्ने तथा अवैध कब्जा हटाउने कार्य तत्काल प्रारम्भ गर्ने । नयाँ अतिक्रमणमा कडाईका साथ रोक लगाउने र अवैध कब्जा हटाउनु पर्ने भएको हुदाँ अवैध रूपमा बनाइएका घर टहराहरू मिति २०८३ वैशाख २५ गते साँझ ७:०० बजे भित्रमा खाली गर्नुहोला। यसरी सम्बन्धित व्यक्ति स्वंय आफैले १० **(दश)** दिन भित्र संरचनाहरू नहटाएमा यस कार्यालयले प्रचलित कानून बमोजिम उक्त संरचनाहरू मिति २०८३ वैशाख २६ गते बिहान ६:०० बजेदेखि घर टहराहरू भत्काउने र अतिक्रमित जग्गा पूर्ण रुपमा खाली गर्ने कार्य हुनेछ। सो क्रममा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित अतिक्रमणकारीहरू बाटै सरकारी बाँकी सरह असुल उपर गरिनेछ र प्रचलित कानुन अनुसार कारवाही समेत गरिने व्यहोरा जानकारी गराइन्छ ।

२०८३/१/१६

कर्ण बहादुर थापा

**नि.प्रमुख प्रशासकिय अधिकृत**

**नि. प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थ**

श्री जिल्ला प्रशासन कार्यालय बाँके ।

श्री जिल्ला प्रहरी कार्यालय नेपालगंज, बाँके ।

श्री ईलाका प्रहरी कार्यालय कोहलपुर,बाँके ।

श्री सबै वडा कार्यालय बाँके ।


info@kohalpurmun.gov.np, mayor@kohalpurmun.gov.np

+९७७-०८१-५४०८०४

www.kohalpurmun.gov.np

www.facebook.com/kohalpurmun

www.twitter.com/kohalpurmun